गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

मिति २०७९।१०।२९

पत्र संख्या:-

चलानी नं.:-

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं.२०७९/१०/२३ च.नं. ३३५ को पत्रानुसार रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११ नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम अगामी आर्थिक वर्ष २०८०/८१ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको रुपन्तरण पहल आयोजनाको कार्यान्यनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित व्यक्ति , महिला आदिवासी , जनजाती मधेसी दलित तथा सिमान्तकृत समुदाय लगायतलाई न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १५ देखि ५९ बर्ष उमेर समुहका बेरोजगार नेपाली नागरीकहरुले २०७९ फागुन १ गते देखि २०७९ फागुन ३० गतेसम्म आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि विवरणहरु (परिवारका सदस्यहरुको समेत सबै विवरणहरु) नछुटाई भर्नुहुन अनुरोध छ । अन्यथा अपूर्ण भरिएको फारमहरु स्वत : रद्द हुनेछन् । साथै तपसिल बमोजिमका विवरणहरु अनिवार्य उपलब्ध गराई फारम भर्नका लागि सहजिकरण गरिदिनु हुन जानकारी गराइन्छ ।

तपसिल

१. नेपाली नागरिकताको फोटोकापी

२. पासपोर्ट साईजको फोटो

३. परिवारका सदस्यहरुको जन्म मिति नागरिकता नं. जारी मिति नागरिकता नभएको जन्म मिति फाराममा उल्लेख गर्नु पर्नेछ ।

४. गैडहवा गाउँपलिकामा बसोबास गरेको नदेखिएमा बसाईसराई तथा विवाह दर्ता प्रमाणपत्र को प्रतिलिपि ।

नोट : आवेदन फाराम सम्बन्धित वडा कार्यालयबाट नि:शुल्क रुपमा प्राप्त गर्न सकिनेछ साथै वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

..............................

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत